सर्वोच्च अदालत, पूर्ण इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.

माननीय न्यायाधीश श्री प्रकाश कुमार ढुंगाना

आदेश

०७७-WO-११६५(०७७-FN-०५८४)

विषयः उत्प्रेषण समेत।

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी ..............................................................निवेदक

विरुद्ध

राष्ट्रपतिको कार्यालय शितलनिवास काठमाडौं समेत.........................................विपक्षी

०७७-WO-११६६(०७७-FN-०५८५)

अधिवक्ता राजकुमार सुवाल .......................................................................निवेदक

विरुद्ध

राष्ट्रपतिको कार्यालय शितलनिवास काठमाडौं समेत.........................................विपक्षी

०७७-WO-११६७

अधिवक्ता शालिकराम सापकोटा समेत..........................................................निवेदक

विरुद्ध

राष्ट्रपतिको कार्यालय शितलनिवास काठमाडौंसमेत ..........................................विपक्षी

०७७-WO-११६८(०७७-FN-०५८६)

अधिवक्ता सितादेवी श्रेष्ठ ...........................................................................निवेदक

विरुद्ध

राष्ट्रपतिको कार्यालय शितलनिवास काठमाडौंसमेत ..........................................विपक्षी

०७७-WO-११६९

अधिवक्ता कंचनकृष्ण न्यौपाने ....................................................................निवेदक

विरुद्ध

राष्ट्रपतिको कार्यालय शितलनिवास काठमाडौं समेत ...........................................विपक्षी

०७७-WO-११७०

अधिवक्ता वीरेन्द्रप्रसाद साह समेत............................................................................निवेदक

विरुद्ध

राष्ट्रपतिको कार्यालय शितलनिवास काठमाडौं समेत ...........................................विपक्षी

यस अदालतको मिति २०७८।२।२५।३ को आदेशले अन्तरिम आदेशको छलफलको लागि पेश हुन आएको प्रस्तुत निवेदनहरु तथा पुरक निवेदनहरुमा निवेदकहरुका तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ता श्री दिनेश त्रिपाठी, एवम् विद्वान अधिवक्ताहरु क्रमशः श्री राजकुमार सुवाल, श्री शालिकराम सापकोटा, श्री सितादेवी श्रेष्ठ, श्री कञ्चनकृष्ण न्यौपाने, श्री वीरेन्द्रप्रसाद शाह, श्री उमेशप्रसाद तथा विपक्षी नेपाल सरकारसमेतको तर्फबाट उपस्थित हुनुभएका विद्वान महान्यायाधिवक्ता श्री रमेश बडाल एवम् विद्वान नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेयले गर्नुभएको बहस समेत सुनियो।

यसमा निवेदकहरुले माग गरे बमोजिम अन्तरिम आदेश जारी गर्नु पर्छ पर्दैन ? भन्ने सम्बन्धमा विचार गर्दा प्रतिनिधिसभा विघटनको दोश्रो अवस्थापछि हालको सम्माननीय प्रधानमन्त्री नेपालको संविधानको धारा ७७ को उपधारा (१) को खण्ड (ग) बमोजिम स्वतः प्रतिनिधिसभाको सदस्य समेत नरही निजको प्रधानमन्त्रीको पद रिक्त हुन गएको अवस्थामा ऐजन धारा ७७(३) मा "उपधारा (१) बमोजिम प्रधानमन्त्रीको पद रिक्त भएमा अर्को मन्त्रिपरिषद् गठन नभएसम्म सोही मन्त्रिपरिषद्ले कार्य सञ्चालन गर्नेछ" भनी उल्लेख भएको देखिन्छ। यसरी प्रतिनिधिसभा विघटन भएको विशेष परिस्थितिमा प्रधानमन्त्रीको अध्यक्षतामा जे जुन अवस्थाको मन्त्रिपरिषद् छ त्यही मन्त्रिपरिषद्ले कार्य सञ्चालन गर्नेछ भनी स्पष्ट रुपमा किटानीका साथ उल्लेख भईरहेको परिप्रेक्ष्यमा तत्काल कायम रहेका प्रधानमन्त्रीले अन्य सामान्य अवस्थाको प्रधानमन्त्रीले जस्तो मन्त्रिपरिषद विस्तार गर्ने, थप

गर्न सक्ने भनी संविधानको कुनै पनि धारामा उल्लेख नभएको र धारा ७७(३) ले साविककै मन्त्रिपरिषदले कार्य सञ्चालन गर्ने भनी किटान गरिरहेको अवस्थामा Prime facie रुपमै मन्त्रिपरिषदको विस्तार गर्ने वा थप गर्ने अधिकार प्रधानमन्त्रीमा रहेको देखिँदैन।

यस दृष्टिकोणबाट मिति २०७८।२।२१ र मिति २०७८।२।२७ मा प्रधानमन्त्रीको सिफारिशमा निजको नेतृत्वमा सम्माननीय राष्ट्रपतिबाट भएको उपप्रधानमन्त्री, मन्त्री तथा राज्यमन्त्रीहरुको थप नियुक्ति, संविधान अनुकुल भएको नभई संविधानको मूल मर्म र भावनाको विपरित भएको देखिँदा यी निवेदनहरुको अन्तिम टुंगो नलाग्दासम्मको लागि उपरोक्त मितिमा भएको मन्त्रिपरिषद विस्तारमा परेका प्रतिनिधसभा विघटन हुनु अघिसम्म कायम रहेका उपप्रधानमन्त्री श्री विष्णुप्रसाद पौडेल तथा मन्त्रीहरु क्रमशः श्री कृष्णगोपाल श्रेष्ठ, श्री बसन्तकुमार नेम्वांग एवम् श्री लिलानाथ श्रेष्ठ बाहेकका अन्य बाँकी उपप्रधानमन्त्रीहरु श्री रघुवीर महासेठ तथा श्री राजेन्द्र महतो एवम् मन्त्रीहरु श्री खगराज अधिकारी, श्री शरतसिंह भण्डारी, श्री अनिलकुमार झा, श्री शेरबहादुर तामाङ्ग, श्री राजकिशोर यादव, श्री लक्ष्मणलाल कर्ण, श्री नैनकला थापा, श्री ज्वालाकुमारी साह, श्री विमलप्रसाद श्रीवास्तव, श्री उमाशंकर अरगरिया, श्री चन्दा चौधरी, श्री एकवाल मियाँ, श्री नारद मुनि राना, श्री गणेशकुमार पहाडी, श्री मोहन बानिया तथा राज्यमन्त्रीहरु श्री चन्द्रकान्त चौधरी, श्री रेणुका गुरुङ तथा श्री आशाकुमारी वि.क.लाई निजहरुलाई तोकिएको क्रमशः उपप्रधानमन्त्री, मन्त्री तथा राज्यमन्त्रीको पदको कार्य नगर्नु गर्न नदिनु नदिलाउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीहरुको नाममा यो अन्तरिम आदेश जारी गरिदिएको छ। प्रस्तुत आदेशको जानकारी तत्काल विपक्षीहरुलाई दिई सबै निवेदनहरुलाई लगाउमा राखी नियमानुसार पेश गर्नू ।

न्यायाधीश

प्रधान न्यायाधीश

इति संवत् २०७८ साल असार ८ गते रोज ३ शुभम्-----------------------------।